श्री

उच्च अदालत पाटन

<u>संयुक्त इजलास</u>

इजलास नं. ३

माननीय न्यायाधीश श्री श्रीमण कुमार गौतम

माननीय न्यायाधीश श्री मिना गौतम सेडाई

<u>आदेश</u>

रिट नं. ०७६-WO-०३९२

निर्णय नं.– २७७

मुद्दाः- निषेधाज्ञायुक्त परमादेश।

अखिल नेपाल मजदुर संघ ट्याक्सी विशेष जिल्ला कमिटिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष दुर्गा बहादुर श्रेष्ठ समेतको, वारिस भई उपत्यका ट्याक्सी व्यवसायी तथा चालक सेवा समाज समेतको तर्फबाट, अख्तियार प्राप्त समाजका अध्यक्ष महोत्तरी जिल्ला, किसाननगर, वडा नं.८ बस्ने मकर बहादुर पूर्बछानेको छोरा सानु पूर्बछाने ................१ } निवेदक

बिरुद्धः

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.३२ मा रहेको नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, मिनभवन ......................................१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.११ मा रहेको महानगरीय ट्राफिक प्रहरी महाशाखा बग्गीखाना, रामशाह पथ ..........................................................२

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं.१० बानेश्वरमा रजिष्टर कार्यालय रहेको पठाओ नेपाल प्रा.लि......................................................................३

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं.१० जाउलाखेलमा रहेको नोरखाङ्ग कम्प्लेक्समा रहेको Tootle Nepal ..................................................................४ } विपक्षी

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं आदेशको व्यहोरा निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः**

## तथ्य खण्डः

१. हामी निवेदकहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ६ मा वर्गीकरण गरे बमोजिमको सार्वजनिक यातायात सेवाका लागि कालो प्लेट नम्बर भएको ट्याक्सी चलाई व्यवसाय सञ्चालन गरी आएकोमा विपक्षी tootle (टुटल) र Pathao (पठाओ) नामका कम्पनी संस्थाले विद्युतिय एप्सहरु प्रयोग गरी रातो नम्बर प्लेटका नीजि सवारी साधन प्रयोग गरी भाडा लिई सार्वजनिक यातायात जस्तै किसिमले यात्रुबाहक सेवा सञ्चालन गरिरहेको हुँदा विपक्षीहरु मध्येका विपक्षी नं.३ र ४ ले ऐ. ऐनको दफा ८(२) ले निषेध गरेको नीजि प्रयोजनका लागि दर्ता भएका रातो प्लेट नं. का सवारी साधनहरु सार्वजनिक सवारीको रुपमा भाडामा प्रयोग गरी व्यापार व्यवसाय र सो गैह्रकानुनी कार्य गर्न रोक लगाउने कार्य विपक्षी नं. १ र २ बाट नभएका कारण सवारी तथा यातायात व्यवस्था ऐनमा उल्लेख भएको कानुनको उल्लंघन भै हामीहरुको रोजगारमा प्रत्यक्ष असर परेको हुँदा हामीलाई नेपालको संविधान, २०७२ द्वारा प्रदत्त सम्पत्तिको हक (धारा २५), रोजगारीको हक (धारा ३३) र श्रमको हक (धारा ३४) मा समेत आघात पर्न गएको हुँदा उक्त हकहरुको प्रचलनको लागि अन्य वैकल्पिक कानूनी व्यवस्था नभएको हुँदा नेपालको संविधान, २०७२ को धारा १४४ र उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम यो निवेदन गर्न आएका छौं। विपक्षीहरुबाट कानुन विपरित नीजि प्रयोजनका लागि दर्ता भएका सवारी साधनहरु सार्वजनिक रुपमा भाडामा सञ्चालन गर्ने कार्य निषेधाज्ञाको आदेशद्वारा रोकी सार्वजनिक रुपमा यात्रु ओसार पसार गर्न अनुमति प्राप्त कालो प्लेटका ट्याक्सी व्यवसायीहरु बाहेकका नीजि सवारी साधनको प्रयोजनका लागि दर्ता भएका सवारी साधनलाई कानुनले निषेध गरेको यात्रुबाहक सेवाको कार्य नगर्न नगराउन विपक्षीहरुका नाममा निषेधाज्ञा/परमादेशको आदेश जारी गरी पाउँ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(१) बमोजिम दर्ता भएका नीजि सवारी साधनहरुले दफा ८(१) बमोजिम दर्ता भएका नीजि सवारी साधनहरुले दफा ८(२) बमोजिम यातायात सेवाका लागि निषेध गरेको रातो प्लेटका २ र ४ पांग्रे मोटरसाइकल र कार जिपहरुबाट विपक्षी नं.३ र ४ ले यात्रुहरु राखी राईड सेयरिङ्ग (Ride Sharing) को व्यवसाय गरेको अवस्थामा विपक्षी नं.१ र २ ले सो कार्य गर्न रोक लगाउनु पर्नेमा सो नगरी कानुनको शासन, नागरिकले गर्न पाउने व्यवसाय र रोजगारीको हकमा असर पार्ने कार्य गरी हामी दैनिकी ट्याक्सी चलाई परिवार पाल्ने चालकहरुको दैनिक वृत्तिमा असर पार्ने कार्य भएको हुँदा सुविधा, सन्तुलन र कानुन पालनाको दृष्टिले कानुन विपरीत सञ्चालन भएका रातो प्लेट नम्बरका मोटरसाइकल, कार र जिपहरुलाई सार्वजनिक भाडाको सवारी साधनको रुपमा नचलाउनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१) बमोजिम अन्तरीम आदेश जारी गरी तत्काल रोकी पाउँ। विपक्षी नं.१ र २ को सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को पालना गर्न लगाउने जिम्मेवारी हुँदा लिखित जवाफ प्राप्त भएपछि यात्रुवाहक सवारी साधानहरलाई राईड सेयरिङ्ग सेवा सञ्चालन नगर्नु नगराउनु भन्ने व्यवस्था मिलाउनु भनि परमादेश सहितको उपयुक्त आदेश जारी गरी पाउँ भन्ने निवेदकको निवेदनपत्र।

२. यसमा के कसो भएको हो? निवेदकको निवेदन माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुन नपर्ने कुनै आधार, कारण प्रमाण भए सो समेत राखी सुचना म्याद पाएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं.१ र २ का हकमा उच्च सरकारी वकील कार्यालय

पाटन मार्फत र विपक्षी नं.३ र ४ का हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नू भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि सहित विपक्षीहरुका नाममा म्याद सुचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नुहोला। निवेदकले अन्तरिम आदेश समेत माग गरेतर्फ विचार गर्दा, दुवै पक्षलाई राखी छलफल गराई अन्तरिम आदेश जारी हुने वा नहुने सम्वन्धमा निष्कर्षमा पुग्नु उपयुक्त देखिएकोले अन्तरिम आदेश छलफलका लागि मिति २०७६/०८/३० गतेको पेशी तोकी सो मितिमा आफूसँग रहे भएका प्रमाण सहित उपस्थित हुनु भनी विपक्षीहरुका नाममा सुचना जारी गरी नियमानुसार पेश गर्नू भन्ने मिति २०७६/०८/२३ को आदेश।

३. रिट निवेदकले रिट मार्फत उल्लेख गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखा कानुनको उल्लंघन रोक्ने जिम्मेवारी पन्छिएको अवस्था छ भन्ने सन्दर्भमा महानगरीय ट्राफिक प्रहरी महाशाखा र मातहतका कार्यालयहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) र दफा १२(१) बमोजिम एउटा प्रयोजनको लागि दर्ता भएको सवारी साधन फरक प्रयोजनको लागि प्रयोग भएमा प्रयोजन विपरीतमा कारवाही गर्ने गरिएको छ। मैजुदा ऐनले व्यवस्था गरेको ऐनमा स्पष्ट व्यवस्था भएको कानुनी प्रक्रिया अनुसार ट्राफिक प्रहरीले निरन्तर कार्य गरिरहेको ऐनमा वार्ता र छलफल जस्ता विषयहरुको व्यवस्था नरहेको अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन र नियमावली अनुसार कारवाही गर्ने निकायलाई कपोल कल्पित आरोप लगाई विपक्षी बनाई सम्मानित अदालतमा चढाएको निषेधायुक्त परमादेशको रिट निवेदन बदरभागी छ खारेज गरी पाउँ भन्ने महानगरीय ट्राफिक प्रहरी महाशाखा रामशाहपथको लिखित जवाफ।

४. अन्तरिम आदेश माग गरेको सम्वन्ध विचार गर्दा, निवेदकले उठाएको विषय र प्रकृतिको सम्वन्धमा अन्तिम सुनुवाई हुँदाको अवस्थामा विवेचना र व्याख्या हुने भएकोले तत्काल अन्तरिम आदेश जारी गरी रहन पर्ने देखिएन नियमानुसार पेश गर्नू भन्ने मिति २०७६/०८/३० को आदेश।

५. यस निवेदनमा विभागले मिति २०७६/०८/०३ मा नीजि सवारी साधनाको प्रयोग सञ्चालन सम्वन्धि अत्यन्त जरुरी सुचना भनी "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा (२) नीजि सवारी यातायात सेवाको लागि प्रयोग गर्न पाइने छैन र दफा १२ को उपदफा (१) मा कुनै एक प्रयोजनको निम्ति दर्ता भएको सवारी अर्को प्रयोजनको निम्ति प्रयोग गर्न पाइने छैन भन्ने कानुनी व्यवस्था भएकोमा नीजि प्रयोगको लागि दर्ताको प्रमाणपत्र प्राप्त सवारी साधनहरु भाडा लिई यात्रु ओसारपसार गर्न प्रयोग गरेको जनगुनासो प्राप्त हुन आएकोले यसरी कानुनको उल्लंघन गरी नीजि सवारीको प्रयोग यातायात सेवाका लागि प्रयोगमा सञ्चालन नगर्न नगराउन सबै नीजि सवारी धनी वा मोटरसाइकलहरुमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। कानुनको उल्लंघन गरी नीजि सवारी साधन सार्वजनिक यातायात सेवाको रुपमा प्रयोग/सञ्चालन गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गरिन्छ" भन्ने सुचना प्रकाशित गरेको निवेदकहरुले स्वयं उल्लेख गरेको हुँदा विभाग यस विषयमा मौन बसी कुनै किसिमको कार्य नगरी आफ्नो जिम्मेवारीबाट पन्छिएको भन्ने निवेदकहरुका आरोप सरासर तर्कहिन, आधारहिन र असत्य रहेकाले सम्मानित अदालत समक्ष यो रिट निवेदन विभागको हकमा खारेज योग्य छ खारेज गरी

पाउँ। निवेदनमा उल्लेख गरिएका टुटल एप (tootle app) र पठाओ एप (Pathao app) नामका विद्युतीय एप्स (Mobile Applications) प्रयोग गरी सेवा दिने कार्य विभिन्न देशमा प्रचलनमा रहेको देखिन्छ र नेपालमा पनि यो कार्य मिति २०७२/०१/१२ आएको विनासकारी भूकम्पको समयमा केही युवाहरुले सहयोग तथा सेवाको रुपमा सञ्चालन गरेको जानकारी जनमानसमा थियो। टुटल (tootle app) र पठाओ (Pathao app) नामका विद्युतीय एप्स (Mobile Applications) प्रयोग गरी सेवा दिने सन्दर्भमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ को उपदफा (२) र दफा १२ को उपदफा (२) अनुसार कार्यान्वयन गर्न गराउन मिति २०७६/०८/०३ को सुचना मार्फत साथै समय समयमा यातायात सेवासँग सम्वन्धित ट्राफिक तथा सम्वन्धित निकायहरुलाई निर्देशन सहित पत्राचार समेत गरिदै आएको हुँदा यस विभागले सो विषयमा कुनै पनि कारवाही नगरेको भन्ने विपक्षीको भनाई यथार्थपरक नरहेको हुँदा उक्त रिट खारेज गरी पाउँ भन्ने यातायात व्यवस्था विभाग मिनभवन काठमाडौंको लिखित जवाफ।

६. विपक्षीद्वारा दायर भएको रिटमा समेत प्रत्यर्थीबाट सञ्चालन भएको व्यवसायबाट नेपालको संविधानद्वारा प्रदत्त सम्पत्तिको हक रोजगारीको हक श्रमको हकमा आघात पुगेको उल्लेख गरेता पनि रिट निवेदकको हक के कसरी हनन हुन पुगेको हो पुष्टि हुन सकेको छैन। यसरी विपक्षी निवेदकले वस्तुनिष्ठ रुपमा आफ्नो हक हनन भएको कुरा प्रमाणित गर्न नसकेको अवस्थामा विपक्षीको हक हनन भएको हो भनि सम्मानित अदालतले विश्वास गर्न सक्ने अवस्था छैन। विपक्षीद्वारा यस सम्मानित अदालत समक्ष दायर भएको रिटमा विपक्षीको हकदैया स्थापित हुन सक्दैन। टुटल (tootle) विगत केही वर्ष देखि सञ्चालनमा आई नेपालको बजारमा स्थापित हुन सफल भएको एक Start up व्यवसाय हो। हाल कम्पनीको टुटल (tootle) नामक (mobile applications) द्वारा प्रदान गरिएको ride sharing Platform मा आवद्ध भई हजारौ युवाहरुले आफ्नो साधानको प्रयोग गरी आम्दानीको अवसर प्राप्त गरेका छन्। यसका साथै टुटल एप (tootle app) बाट प्रदान गर्दै आएको ride sharing सेवाको प्रयोग गरी सर्वसाधरण यात्रुहरुले समेत सरल समुचित एवम् सुरक्षित यात्राको अवसर प्राप्त गर्दै आएका छन्। टुटल एप (tootle app) यिनै विशेषताको कारणले नेपालमा छोटो समयमै Start up भइकन पनि सर्वसाधरणहरु बिच स्थापित हुन र लोकप्रिय हुन सफल भएको छ। यस्तो सफल start up नेपालमा अन्य start up स्थापना गर्नको निमित्त अनुकरणीय उदाहरण समेत हुन सक्दछ। यस्ता नविन उद्यमशीलता एवम सुचना प्रविधि प्रयोग गर्दै सञ्चालन भई रहेको Start Up हरुलाई बन्द गरी राज्यले निरुत्साहित गर्नुको सट्टा प्रोत्साहन गरी थप उद्यमशिलताको वातावरण सिर्जना गर्न सक्नुपर्दछ। तसर्थ टुटल एप (tootle app) जस्तो नेपालमा स्थापित Start Up जसले हजारौ युवाहरुलाई रोजगारीको स्रोत प्रदान गर्ने एवम् यात्रुहरुलाई सहज रुपमा गुणस्तरीय यात्राको अवसर प्रदान गर्ने गर्दछ। त्यस्तो व्यवसाय बन्द गर्ने गराउने कार्य त्रुटिपूर्ण हुनेछ। यहाँ प्रतिस्पर्धालाई रोक्ने,एकाधिकार कायम गर्ने उद्देश्य साथ उपभोक्ता माझ लोकप्रिय भई स्थापित हुन सफल टुटललाई निषेध गर्ने मनसायका साथ प्रस्तुत रिट दायर भएको अवस्था हो भने रिट निवेदकले दायर गरेको रिटले स्वच्छ गुणस्तरीय र प्रतिस्पर्धात्मक सेवा छनौटको उपभोक्ताको अधिकारलाई समेत हनन गर्दछ। तसर्थ दुषित नियतका साथ दर्ता भएको प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने हाईपरलुप नेपाल प्राइभेट लिमिटेड (tootle) को तर्फबाट प्रस्तुत लिखित जवाफ।

७. निवेदकले निवेदनमा उल्लेख गरे जस्तो हामीहरुले कालो नम्बर प्लेट जसरी सार्वजनिक यातायात सेवा संचालकको भूमिका निर्वाह गरेको छैनौ। सतही रुपमा लगाईएको सो आरोपमा रिट निवेदकले यस कम्पनीले यातायात सेवा सञ्चालन गरेको कुनैपनि प्रमाण पेश गर्न सकेको छैन। यस कम्पनीको नाममा कुनै पनि यातायात सेवा दर्ता रहेको छैन र कम्पनीले कुनै पनि यातायात सेवा दिने निकायसँग वा सवारी धनीसँग यातायात सेवा दिने लिने सम्वन्धमा कुनै सम्झौता गरेको पनि छैन। यस कम्पनी यातायात सेवा नभईकन केवल सुचना प्रविधिको प्रयोग गरी सफ्टवेयर निर्माण गरी आम नागरिकहरुले आफू-आफू बीच सञ्चालन गर्न सकिने एप्लिकेशन Pathao Platform मा आधारित भई काम गरिरहेको कम्पनी हो। सो Platform यातायात व्यवसाय नभईकन विशुद्ध रुपमा सुचना प्रसारण तथा संचार प्रविधिसँग सम्वन्धित एप्लिकेशन मात्र हो जुन यस कम्पनीको स्वीकृत उद्देश्य नै हो। रिट निवेदकले रिट निवेदनको विभिन्न प्रकरणहरुमा यस कम्पनीले रातो नं. प्लेट भएको सवारी साधनले सेवा कालो नं. प्लेट जसरी दिदै व्यवसाय गरेको जिकिर लिएको छ तर यस कम्पनीले कुनै पनि चालकलाई करारमा राखेको छैन र कुनै पनि रातो नं. प्लेटको यातायात भाडामा लिएको वा खरिद गरेको पनि छैन। निवेदकले उल्लेख गरे बमोजिम यस कम्पनीले आफ्नो उद्देश्य भन्दा बाहिर गई कुनैपनि यातायात व्यवसाय नगरेको अवस्थामा केवल यस कम्पनीलाई दुःख दिने नियतले दायर गरिएको रिट निवेदन खारेजभागी छ। यस कम्पनीको जस्तै कार्य गर्ने विभिन्न अन्य कम्पनीहरु समेतलाई विपक्षी नबनाई यस कम्पनीका विरुद्धमा दुरासयपूर्ण र हचुवाका आधारमा दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने पठाओ नेपाल प्रा.लि.को तर्फबाट प्रस्तुत लिखित जवाफ।

**<u>आदेश खण्डः</u>**

८. नियमबमोजिम साप्ताहिक तथा आजको दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णायार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत निवेदन तथा लिखित जवाफ सहितका मिसिल कागजातहरु अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री रमण कुमार श्रेष्ठ र श्री बालाचन्द्र आचार्य तथा विद्वान अधिवक्ता श्री प्रकाश खतिवडाले विपक्षी मध्येका टुटल नेपाल (tootle Nepal) र पठाओ नेपाल (Pathao Nepal) पठाओ नेपालले आफ्नो विद्युतिय एप्स (Mobile Applications) को माध्यमबाट सार्वजनिक यातायात सेवा प्रदान गर्नका लागि रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुलाई प्रयोग गरेको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) र १२(१) विपरीत छ। विपक्षी नं. ३ र ४ लाई यातायात सेवा सञ्चालन गर्न कुनै साधिकार निकायले इजाजत दिएको अवस्था छैन। विपक्षी नं. ३ र ४ ले सञ्चालन गरेको यातायातको कार्य रोक्न विपक्षी नं. १ बाट मिति २०७६/०८/०३ मा सूचना जारी गरीसकेको अवस्था छ। विपक्षी नं. ३ र ४ ले गरेको उक्त कार्यले निवेदकको संविधान प्रदत्त धारा २५, धारा ३३ र धारा २४ को मौलिक हकमा आघात पुगेको अवस्था छ। यसरी, गैह्रकानूनी तवरबाट विपक्षी नं. ३ र ४ ले विद्युतीय एप्स (Mobile Applications) मार्फत सञ्चालन गरेको राईड सेयरिङ्ग (Ride Sharing) को कार्यलाई तत्काल निषेध गरी विपक्षी नं. १ र २ लाई सो सम्बन्धमा प्रभावकारी नियन्त्रण गर्नु

गराउनु भनी विपक्षीहरुका नाममा निषेधाज्ञा/परमादेशको आदेश जारी गरीपाउँ भनी गर्नुभएको बहस सुनियो।

९. यस्तै, विपक्षी नं. १ (यातायात व्यवस्था विभाग) र विपक्षी नं. २ (ट्राफिक प्रहरी महाशाखा) का तर्फबाट बहसका लागि उपस्थित हुनुभएका उच्च सरकारी वकील कार्यालय, पाटनका विद्वान शाखा अधिकृत श्री चन्द्र प्रसाद संजेलले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) र १२(१) बमोजिम एउटा प्रयोजनको लागि दर्ता भएको सवारी साधन फरक प्रयोजनको लागि प्रयोग भएमा कारवाही गर्ने गरिएको अवस्था छ। विपक्षी नं. ३ र ४ ले रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुलाई सार्वजनिक यातायात सेवा प्रवाह गर्न प्रयोग गरेको कार्य रोक्न मिति २०७६/०८/०३ मा विपक्षी नं. १ ले सूचना प्रकाशित गरिसकेको अवस्था छ। विपक्षी नं. ३ र ४ लाई यात्रु लिई यातायात व्यवसाय सञ्चालन गर्न बाटो इजाजतपत्र दिएको छैन। निवेदकको कानूनी तथा संवैधानिक प्रदत्त हकमा आघात पुऱ्याउने कुनै काम विपक्षीहरुबाट भए गरेको नहुँदा प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस सुनियो।

१०. त्यसैगरी, विपक्षी नं. ३ (पठाओ नेपाल) को तर्फबाट बहसका लागि उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रविन सुबेदीले निवेदकले प्रमाणको रुपमा पेस गरेको भिडीयो क्लिप अनुमति बिना लिएको हुँदा मुलुकी अपराध संहिता, २०७४ को दफा २९५ ले उक्त कार्य गैरकानूनी भनेको हुँदा पेस गरेको भिडीयो क्लिप प्रमाण ग्राह्य योग्य छैन। पठाओ नेपाल कम्पनी कानूनी रुपमा विदेशी लगानीको नियामक निकाय उद्योग विभाग समेतबाट स्वीकृती लिई साधिकार निकायमा दर्ता भएको कम्पनी हो। **Computer Related- Application Operation Support Service** सँग सम्बन्धित कार्य गर्न पठाओ नेपालको उद्देश्य रहेको छ। उक्त उद्देश्य अनुरुप नै यो कम्पनीले आफ्नो कार्य गर्दै आइरहेको अवस्था छ। पठाओ नेपालको नाममा कुनै पनि सवारी साधनहरु दर्ता भएका छैनन्। विपक्षीको कार्यले निवेदकको संवैधानिक तथा कानूनी प्रदत्त हकमा आघात पुऱ्याएको तथ्य पुष्टि गर्न निवेदकले तथ्यपरक र वस्तुनिष्ठ प्रमाण गुजार्न सकेको अवस्था छैन। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(२)(क)(३) मा प्रस्तुत निवेदनको विषयको कानूनी उपचार स्पष्टसँग उल्लेख गरेको अवस्था छ। यस्तो अवस्थामा प्रस्तुत निवेदनले असाधारण रिटको क्षेत्राधिकार ग्रहण गर्न नसक्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भनी गर्नुभएको बहस सुनियो।

११. यस्तैगरी, विपक्षी नं. ४ (टुटल नेपाल) को तर्फबाट बहसका लागि उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री समन्त दाहालले निवेदकले आफ्नो निवेदनमा विपक्षी बनाइएको टुटल नेपाल (tootle Nepal) भनेको विद्युतीय एप (Mobile Application) मात्र हो र उक्त एपलाई हाईपरलुप नेपाल प्राइभेट लिमिटेड नामक कम्पनीले सञ्चालन गरेको छ। हाईपरलुप नेपाल प्राइभेट लिमिटेडको यातायातको क्षेत्रमा सुचना प्रविधी (IT) को माध्यमबाट यात्रुलाई छोटो तथा लामो दुरीमा यात्रा गर्न समुचित र सरल तवरले यातायातको साधनहरुको प्रबन्ध मिलाउने हो। यस कम्पनीद्वारा सञ्चालित टुटल एप (Tootle App) सँग जोडिएका मोटरसाइकलहरुलाई Ride Share गरी Cost sharing गर्ने platform सम्म मात्र प्रदान गरेको हो। विपक्षीको उक्त कार्यले निवेदकको हक के-कसरी हनन हुन पुगेको हो भनी निजले उल्लेख गर्न सकेको अवस्था छैन। विपक्षीको कार्य दिनहुँ रुपमा भईराखेकै हुँदा भईराखेको

कार्यलाई रोक्न निषेधाज्ञाको रिट आकर्षित हुन सक्दैन। यस्तै, विपक्षीको कार्यलाई दण्डित गर्न सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(२)(क) मा स्पष्ट सँग कानूनी उपचार उल्लेख भएको स्थितिमा निवेदकले वैकल्पिक कानूनी उपचारको बाटो हुँदा हुँदै असाधारण क्षेत्राधिकार प्रयोग गर्न मिल्दैन। निवेदकले निवेदनमा उठाएको विषय विपक्षीहरुबाट लामो समयदेखि भैरहेको अवस्थामा भईराखेको कार्यलाई रोक्न निषेधाज्ञाको निवेदन आकर्षित हुन सक्दैन। निषेधाज्ञाको सिद्धान्त विपरीत कानून बमोजिम सञ्चालनमा रहेको टुटल एप (tootle app) लाई निषेध गर्ने मागदावी रहेको प्रस्तुत निवेदन खारेज गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. प्रस्तुत निवेदनमा विपक्षीहरु मध्येका विपक्षी नं. ३ (टुटल नेपाल) र विपक्षी नं. ४ (पठाओ नेपाल) ले विद्युतिय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नं. प्लेट भएका निजी सवारी साधनहरुलाई राईड सेयरीङ्ग (Ride Sharing) को रुपमा प्रयोग गरी सार्वजनिक रुपमा यात्रु ओसारपसारको व्यवसाय गर्ने गरेको हुँदा विपक्षीहरुको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) र अनुसूचि २ को भाग १ को खण्ड (२) को विपरीत रहेको अवस्था छ। निज विपक्षीहरुले सार्वजनिक यातायात व्यवसाय गर्न निजी सवारी साधनहरुलाई वैधानिक रुपमा सम्बन्धित निकायमा दर्ता गरेको अवस्था छैन। निजी प्रयोजनका लागि मात्र दर्ता भएका सवारी साधनहरुले यात्रु बोक्ने प्रयोजनका लागि विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएको उक्त सवारी साधनहरुमा रङ र संकेत छैन। मिटर र गन्तव्यको एकिन छैन। मूल्यमा निश्चितता छैन। दुई पाङग्रे सवारीमा बिमा, यात्रुको सुरक्षा, जवाफदेहिता केही पनि निश्चित नभएको अवस्था छ। रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट भाडा लिई यातायात सेवा रोक्न विपक्षी नं. १ बाट मिति २०७६/०८/०३ मा सूचना जारी गरीसकेको अवस्थामा पनि उक्त सूचनाको कार्यान्वयन निज विपक्षीले गराउन सकेको अवस्था देखिदैन। विपक्षीहरुको उक्त कार्यले निवेदकको संविधान प्रदत्त धारा २५, धारा ३३ र धारा २४ को मौलिक हकमा आघात पुगेको र निजहरुको कार्य यातायात व्यवस्था ऐन, २०४९ मा उल्लिखित दफा विपरीत भएको अवस्थामा विपक्षी नं. ३ र ४ बाट गैहकानूनी तवरले सञ्चालन भएको राईड सेयरिङ्गको कार्यलाई निषेध गरी विपक्षीहरुका नाममा निषेधाज्ञा/परमादेश को आदेश समेत जारी गरपाउँ भन्ने निवेदकको निवेदनको मुख्य माग व्यहोरा रहेको देखिन्छ।

१३. विपक्षी नं. ३ र ४ ले निजी सवारी साधनहरुलाई प्रयोग गरी यातायात सेवा प्रवाह गर्ने कार्य गरेको भन्ने सूचना प्राप्त भै सकेपछी उक्त कार्य रोक्न मिति २०७६/०८/०३ मा विपक्षी नं. १ ले सूचना प्रकाशित गरिसकेको अवस्था छ भने सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) र १२(१) बमोजिम एउटा प्रयोजनको लागि दर्ता भएको सवारी साधन फरक प्रयोजनको लागि प्रयोग भएमा कारवाही गर्ने भन्ने कानूनी व्यवस्था रहेकोमा सो बमोजिम काम कारवाही गरिएको अवस्था छ। विपक्षी नं. ३ र ४ ले निजी सवारी साधनहरुबाट भाडामा यात्रु बोकी यातायात व्यवसाय सञ्चालन गर्न इजाजतपत्र दिएको अवस्था पनि छैन। विपक्षी नं. १ र २ को कुनै पनि कार्यले निवेदकको संविधान प्रदत्त हकमा आघात पुऱ्याएको नदेखिएकाले प्रस्तुत निवेदन खारेज गरी पाउँ

भन्ने विपक्षीहरु यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरी महाशाखाको लिखित जवाफबाट देखिन्छ।

१४. पठाओ नेपाल कम्पनी कानूनी रुपमा कम्पनी ऐन, २०६३, विदेशी लगानी तथा हस्तान्तरण ऐन, २०४९, मुल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम स्थापना भएको कम्पनी हो। पठाओ नेपालको आफ्नै प्रवन्ध-पत्र र नियमावली रहेको छ। पठाओ नेपालले विद्युतिय एप्स (Mobile Applications) को माध्यमबाट **Computer Related- Application Operation Support Service** सँग सम्बन्धित कार्य गर्न राईड सेयरिङ्ग (Ride Sharing) मा आधारित भएर सर्वसाधारण जनताको आवतजावतका लागि सहजीकरण गर्ने सहजकर्ताको भूमिका निर्वाह गरेको मात्र हो। यो कम्पनी यातायात सेवा प्रदान गर्ने नभईकन केवल विद्युतीय एप्स (Mobile Applications) को प्रयोग गरी सवारी चालक र यात्रुबिचको सवारी प्रयोगको माग र आपूर्तिलाई जोड्ने माध्यम मात्र हो। पठाओ नेपालको नाममा कुनै पनि सवारी साधनहरु दर्ता भएका छैनन्। नेपाल सरकारले अवलम्बन गरेको सूचना प्रविधी नीति, २०७२ र विदेशी लगानी नीति, २०७१ को कानूनी मर्म र भावना अनुरुप पठाओ नेपालको उद्देश्य रहेको छ। निवेदक आफूहरुले गरी आएको व्यवसायमा प्रतिस्पर्धा हुँदा आफूले पनि समयमानुकुल आफूलाई व्यवस्थापन र परिवर्तन नगरी विपक्षी पठाओ नेपालको कार्य प्रति आक्षेप लगाउनु प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को मर्म र कानून समेतको विपरीत छ। विपक्षी पठाओले गरेकै प्रकृतिको कार्य जस्तो **कार रेन्टल सर्भिस** लगायतका अन्य कम्पनीहरुले पनि कार्य गरीआएको अवस्था छ। तर निवेदकले निजहरुलाई विपक्षी बनाउन सकेको अवस्था छैन। विपक्षी पठाओ नेपालले निजी सवारी साधनहरुलाई यातायात सेवा प्रवाह गर्न प्रयोग गरेको कार्यलाई निषेध गर्नुपर्छ भन्ने निवेदकको मागलाई सम्बोधन गर्ने गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(२)(क)(३) मा कानूनी उपचार स्पष्टसँग उल्लेख गरेको अवस्था छ। साधारण अधिकारक्षेत्र अन्तर्गत कानूनमै पर्याप्त कानूनी उपचार रहेको अवस्थामा निवेदकले रिटको असाधारण क्षेत्राधिकारमा प्रवेश गर्न मिल्दैन। विपक्षीको गैरकानूनी कार्यले निवेदकको संवैधानिक तथा कानूनी प्रदत्त हकमा आघात पुऱ्याएको अवस्था छ भनी निवेदनमा उल्लेख गरेतापनि उक्त कुरालाई पुष्टि गर्न वस्तुनिष्ठ प्रमाण निवेदकले पेस गर्न सकेको छैन। यसरी, विपक्षी पठाओ नेपाल कानूनन् रुपमा नै संस्थापना भएर आमसर्वसाधारणलाई सार्वजनिक यातायातको लागि सहजिकरण गरी आइरहेको अवस्थामा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने विपक्षी पठाओ नेपालको लिखित जवाफबाट देखिन्छ।

१५. हाईपरलुप नेपाल प्राइभेट लिमिटेड कम्पनी, कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता भएको कम्पनी हो। सुचना प्रविधी (IT) को प्रयोगबाट यात्रुलाई छोटो तथा लामो दुरीमा यात्रा गर्न समुचित र सरल तवरले यातायातको साधनहरुको प्रबन्ध गर्ने उद्देश्य हो। विपक्षी कम्पनीको कार्यलाई नियमन गर्न आफ्नै प्रवन्ध-पत्र र नियमावली छ। यस कम्पनीद्वारा सञ्चालित टुटल (tootle) नामको विद्युतीय एप (Mobile Application) ले नेपालमा नवीन प्रकृतिको उद्यमशीलता प्रोत्साहन गरी नेपालको संविधानको धारा ५१(घ) अन्तर्गतको राज्यको नितिमा थप टेवा पुऱ्याएको अवस्था छ। हाईपरलुप नेपाल प्राइभेट लिमिटेड कम्पनी उद्यमशील व्यवसाय गर्ने नेपालको उत्कृष्ट ५ कम्पनी मध्येका एउटा कम्पनी हो। विपक्षी हाईपरलुप नेपाल प्राइभेट लिमिटेड कम्पनीको नाममा कुनै पनि सवारी साधन दर्ता भएको

अवस्था छैन। आफ्नो राईड सेयरीङ्ग एप (Ride Sharing App) मार्फत सञ्चालित यातायात सेवाले निवेदकको संविधान प्रदत्त हकमा आघात पुगेको भनी निवेदकले निवेदनमा उल्लेख गरेतापनि निवेदकको हक के-कसरी हनन हुन पुगेको हो भनी निजले प्रमाण गुजार्न सकेको अवस्था छैन। यद्यपी, टुटल एप (Tootle App) प्रयोग गरेर हजारौ वेरोजगार युवाहरुले आफ्नो सवारी साधनको प्रयोग गरेर रोजगारीको अवसर प्राप्त गरिरहेका छन्। निवेदकको व्यवसायलाई आफूले निषेध गरेको अवस्था पनि छैन। आफ्नो कार्य दिनहुँ रुपमा भईराखेकै हुँदा भईराखेको कार्यलाई रोक्न निषेधाज्ञाको रिट आकर्षित हुन सक्दैन। यस्तै, यदि हामीले गैह्रकानूनी कार्य गरेको भए उक्त कार्यलाई दण्डित गर्न सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(२)(क) मा स्पष्ट सँग कानूनी उपचार उल्लेख भएको स्थितिमा निवेदकले वैकल्पिक कानूनी उपचारको बाटो हुँदा हुँदै असाधारण क्षेत्राधिकार ग्रहण गर्न मिल्दैन। यसरी, प्रतिस्पर्धात्मक व्यवसाय समेतलाई मार्गदर्शन र वैज्ञानिकरण गर्न प्रोत्साहन गर्ने टुटल एप (tootle app) लाई निषेध गर्ने समेत मागदावी रहेको प्रस्तुत निवेदन खारेज हुनुपर्दछ भन्ने विपक्षी हाईपरलुप नेपाल प्राइभेट लिमिटेडको लिखित जवाफबाट देखिन्छ।

१६. उपरोक्त तथ्य एवं दुवै पक्षको तर्फबाट उपस्थित हुनुभएका विद्वान शाखा अधिकृत एवं विद्वान वरिष्ठ अधिवक्ता तथा विद्वान अधिवक्ताहरुले गर्नु भएको बहस समेत सुनी निवेदकको निवेदन माग बमोजिम विपक्षीहरुका नाममा निषेधाज्ञा/परमादेश समेतको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१७. निर्णयतर्फ विचार गर्दा, विपक्षी नं. ३ र ४ बाट सञ्चालन गरिएको टुटल एप (tootle app) र पठाओ एप (Pathao app) नामका विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुले गैह्रकानूनी तरिकाबाट यात्रु बोकी सार्वजनिक यातायातमा प्रयोग भएको सवारी साधन सरह भाडा लिने गरी राईड सेयरिङ्गको कार्यलाई निषेध गरी निजहरुको उक्त कार्यलाई नियमन गर्न विपक्षी नं. १ र २ लाई प्रभावकारी नियन्त्रण गर्न व्यवस्था मिलाउनु भनी विपक्षीहरु उपर निषेधाज्ञायुक्त परमादेशको आदेश जारी गरी पाउँ भन्ने नै प्रस्तुत रिट निवेदनको मुख्य मागदावी रहेको देखिन्छ।

१८. टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) भनेको सूचना प्रविधि (IT) मा आधारित रहेर सबै प्रकारका यात्रुहरुकालागी दुई पाङ्ग्रे तथा चारपाङ्ग्रे सवारी साधनहरुको समुचित प्रबन्ध मिलाउनका लागि हाइपरलुप नेपाल प्राइभेट लिमिटेड र पठाओ नेपालबाट संचालित विद्युतीय एप्स (Mobile Applications) हो। पठाओ नेपाल कम्पनी विधीवत रुपमा कम्पनी ऐन, २०६३, विदेशी लगानी तथा प्रविधी हस्तान्तरण ऐन, २०४९, मुल्य अभिवृद्धि कर ऐन, २०५२, बमोजिम आवश्यक विदेशी लगानीको नियामक निकाय उद्योग विभाग समेतबाट स्वीकृती लिई साधिकार निकायमा दर्ता भएको कम्पनी हो भने हाईपरलुप नेपाल प्राइभेट लिमिटेड नामक कम्पनी, कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर भएको कम्पनी हो। टुटल एप नामको विद्युतीय एप (Mobile Application) संचालन गरेको हाईपरलुप नेपाल प्राइभेट लिमिटेडको उद्देश्य आधुनिक सूचना प्राविधिक (IT) को प्रयोग द्वारा सर्वसाधारण जनताको सबै प्रकारका यातायातका साधनहरुमा पहुँच पुऱ्याउने भन्ने मिसिल संलग्न हाईपरलुप नेपाल प्राइभेट लिमिटेडको प्रवन्ध-पत्र बाट देखिन्छ। यस्तै, **Application Operation**

**Suport (Within Computer Support)** को सर्भिस प्रदान गर्ने भनी पठाओ नेपालको उद्देश्य रहेको भन्ने मिसिल संलग्न पठाओ नेपालको प्रबन्ध-पत्रबाट देखिन्छ। यसरी, विपक्षी नं. ३ र ४ ले कानूनी रुपमा नै नेपाल सरकारको साधिकार निकायबाट स्वीकृत प्राप्त गरी नेपालमा व्यवसाय गर्दै आएको अवस्था मिसिल संलग्न निज विपक्षीहरुले व्यापार व्यवसाय सञ्चालन गर्न स्वीकृत प्राप्त गरेको कागज प्रमाणहरुबाट देखिन्छ।

१९. प्रस्तुत निवेदनमा विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको सवारी साधनहरुबाट सार्वजनिक यातायात सेवा प्रवाह गरेको कार्यले निवेदकको संवैधानिक प्रदत्त सम्पत्तिको हक (धारा २५), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) मा आघात पुर्‍याएको हुँदा निज विपक्षीहरुको उक्त कार्यलाई निषेध गर्न निषेधाज्ञा/परमादेशको प्रस्तुत निवेदन दायर भएको देखिन्छ। सिद्धान्त: रिट (Prerogative Order) भनेको कुनै काम गर्न वा नगर्न जारी गरिने विशेषाधिकारयुक्त आदेश हो। **नेपालको संविधानको धारा १४४** मा निम्न लिखित प्रावधानहरु उल्लेख गरिएको छ:-

*(१) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भएपनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनका लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै कानूनी प्रश्नको निरुपणका लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार उच्च अदालतलाई हुनेछ।*

*(२) उपधारा (१) को प्रयोजनको लागि उच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ।*

२०. उल्लिखित कानूनी व्यवस्था बमोजिम रिट जारी हुनको लागि मुख्यत: संविधानद्वारा प्रदत्त हक अधिकारमा आघात पुगेको अवस्था, वैकल्पिक कानूनी उपचारको बाटो नभएको अथवा उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्था र सार्वजनिक सरोकारको विषय समावेश भएको अवस्था हुनुपर्दछ। अब, उल्लिखित रिटको सिद्धान्तलाई प्रस्तुत निवेदनको रोहमा हेर्दा, विपक्षी नं. ३ र ४ ले संचालन गरेको टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट दैनिक रुपमा नै सर्वसाधारणहरुले यातायात सेवा लिईरहेका कारण निवेदकले चलाउँदै आएको ट्याक्सी व्यवसायमा आघात पुगेको छ भन्ने प्रस्तुत निवेदनको विषय निवेदकको निजी सरोकारको विषय रहेको देखिन्छ। **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(१)** मा, ***"दर्ताको प्रमाणपत्रमा उल्लेख भए बमोजिमको वास्तविक नम्बर वा प्लेट नराखी अर्कै नम्बर प्लेट राखी सवारी चलाउने वा चलाउन लगाउनेलाई अधिकार प्राप्त अधिकारीले छ महिनासम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी त्यस्तो सवारी जफत हुनेछ"*** भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत निवेदनमा विपक्षी नं. ३ र ४ द्वारा सञ्चालित टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट यातायात सेवा प्रवाह गरिरहेको अवस्थालाई रोक्न निवेदकको मागलाई उल्लिखित कानूनी व्यवस्थाले सम्बोधन गरीरहेकोले प्रस्तुत निवेदनको विषयको कानूनी

उपचार रहिरहेको अवस्थामा प्रस्तुत निवेदनमा उल्लिखित विषयका सम्बन्धमा वैकल्पिक कानूनी उपचारको बाटो समेत रहे भएको देखियो। विपक्षी नं. ३ र ४ को गैरकानूनी कार्यले निवेदकको संविधान प्रदत्त सम्पत्तिको हक (धारा २५), रोजगारीको हक (धारा ३३), श्रमको हक (धारा ३४) तथा अन्य कानूनी अधिकार समेतमा हकमा आघात पुगेको अवस्था छ भनी निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेको देखिन्छ। मिसिल संलग्न कागजातहरु र निवेदकको निवेदनको व्यहोरा अक्षरसः हेर्दा, विपक्षी नं. ३ र ४ को टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) द्वारा सञ्चालित यातायातको सेवाले यात्रुहरुलाई आवतजावत गर्ने कार्यमा सहजीकरण प्रदान गर्ने सम्मको कार्यले निवेदकको उल्लिखित हक अधिकारमा आघात पुऱ्याएको देखिदैन भने उक्त तथ्य पुष्टि गर्न निज निवेदकले कुनै प्रमाण पेस गर्न सकेको अवस्था पनि देखिदैन।

२१. सर्वप्रथम, विपक्षीहरु उपर निषेधाज्ञाको आदेश जारी गरी पाउँ भन्ने निवेदकको निवेदनका सम्बन्धमा विचार गर्दा, नेपाली बृहत शब्दकोशका अनुसार **निषेधाज्ञा (Injunction) भनेको कतैकहीं कुनै अवाञ्छित काम भएगरेमा वा गर्ने आशङ्का देखिएमा त्यसबाट हानि हुने पक्षले अदालतमा उजुरी परेको बखत सम्बन्धित अदालतबाट त्यस्तो कार्य नगर्न प्रतिवादी पक्षलाई दिइने आदेश हो** भनी उल्लेख गरेको पाइन्छ। निषेधाज्ञाको सिद्धान्तलाई प्रष्ट पार्ने गरी प्रेमशोभा तुलाधार **विरुद्ध** महेश महर्जन भएको **निषेधाज्ञाको** निवेदनमा, "***कानूनद्वारा सिर्जित हक र दायित्वका विषयमा त्यसको बर्खिलाप हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने। निषेधाज्ञाको आदेश मूलतः कुनै निकाय वा अधिकारी वा व्यक्तिले अवैध वा अनधिकृत कार्य गरी कसैको कानूनी अधिकारमा आघात पुऱ्याउने आशंकाको अवस्थामा सो कार्य रोक्नका लागि जारी गरिने आदेश हो । निषेधाज्ञाको आदेश जारी हुन विवादित विषयमा निवेदकको निर्विवाद हक वा स्वामित्व भएको हुनुपर्ने। निषेधाज्ञाको अर्थ कुनै व्यक्तिको निर्विवाद हकमा हुन जाने अवरोधलाई निषेध गर्नु हो तर कुनै व्यक्तिको हक सिर्जना गर्नु वा समाप्त गर्नु होइन । विवादित कार्यबाट हुने नोक्सानीलाई रोक्न र बढी हानि हुनबाट बचाउन निषेधाज्ञा जारी गरिन्छ । यो अस्थायी प्रकृतिको आदेश हो। निवेदकले विवादित विषयमा आफ्नो निर्विवाद हक देखाउन नसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी नहुने***" (ने.का.प. २०७४, नि.नं. ९८६५, अंक ८) भनी श्री सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन गरेको अवस्था छ। यस सैद्धान्तिक कोणबाट प्रस्तुत निवेदनको व्यहोरा हेर्दा, निवेदक आफू विपक्षीहरु जस्तै यात्रुलाई ओसारपसार गर्ने ट्याक्सी व्यवसायमा आवद्ध सम्म मात्र भएकोले प्रस्तुत निवेदनको विषयसँग निवेदकको निर्विवाद हक र स्वामित्व रहेको भनी मान्न मिल्ने अवस्था देखिदैन। मिसिल संलग्न कागजातहरु हेर्दा विपक्षीहरुले निवेदकको व्यवसाय बन्द गरी हानी नोक्सानी पुऱ्याएको वा भैरहेको आम्दानीलाई कटौती गरेको पनि देखिदैन भने निवेदकले आफ्नो व्यवसायबाट आयआर्जन गरिराखेकै देखिएबाट निवेदकले आफ्नो संवैधानिक प्रदत्त रोजगारी हक, श्रमको हक र सम्पत्तिको हकको प्रयोग र उपभोग गरिराखेकै देखिन्छ। विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मा रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरु आवद्ध भई उक्त सवारी साधनहरु सूचना प्रविधि (IT) मा आधारित भएर सर्वसाधारणहरुलाई दैनिक रुपमा यातायात सेवा प्रदान गरी सेवा प्रदायक निजी सवारी साधन चालकहरुले रोजगारी अवसर पाएको देखिन्छ। **According to an estimate, there could be more than 50,000 registered riders in the ride-hailing platform in Nepal, especially under Pathao**

**and Tootle** भनी द हिमालयन टाइम्स पत्रिकामा (https://thehimalayantimes.com/opinion/dont-ban-ride-hailing-it-is-part-of-the-gig-economy/) ईस्वी सन् २८ नोभेम्बर, २०१९ मा प्रकाशित गरेको देखिन्छ। विपक्षी पठाओ नेपाल नामको मोबाइल एप्समा १६०० भन्दा बढी ट्याक्सी चालकहरु पनि आवद्ध भएको भन्ने विपक्षी पठाओ नेपालको लिखित जवाफमा उल्लेख भएको देखिन्छ भने विपक्षीको उक्त व्यहोरालाई अन्यथा भन्न सकेको अवस्था छैन। विपक्षी हाइपरलुप नेपाल प्राइभेट लिमिटेड बाट सञ्चालित टुटल नामको विद्युतीय एप (Mobile Application) र पठाओ नेपालबाट सञ्चालित पठाओ नामको विद्युतीय एप (Mobile Application) कानूनी रुपमा सम्बन्धित निकायमा दर्ता भई आफ्नो उद्देश्य अनुरुप नै आफ्नो विद्युतीय एप्स (Mobile Applications) द्वारा यात्रुहरुलाई आवतजावत गर्नका लागि रातो नम्बर प्लेट भएको निजी सवारी साधनलाई प्रयोग गरी यात्रुहरुलाई सहजीकरण प्रदान गरेको लगभग ३ वर्ष व्यतित भइसकेको भन्ने विपक्षी टुटलको लिखित जवाफबाट देखिएको अवस्था छ।

२२. विपक्षी नं. ३ र ४ बाट सञ्चालित टुटल र पठाओ नामको विद्युतीय एप्स (Mobile Applications) बाट दिनहुँ आममानिसले यातायात सेवाको उपभोग गरिराखेको देखिन्छ। सर्वसाधारणको उपभोक्ता सम्बन्धी हक **नेपालको संविधान, २०७२** को दफा ४४ मा, **"प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ"** भनी सुनिश्चित गरेको देखिन्छ। उक्त संवैधानिक प्रदत्त उपभोक्ताको हकलाई सुनिश्चित गर्दै **उपभोक्ता संरक्षण ऐन, २०७५** को दफा **३(ख)** मा, ***" स्वच्छ र प्रतिस्पर्धात्मक मूल्यमा गुणस्तरीय सेवा वा वस्तु वा सेवाको को छनौंट गर्न पाउने अधिकार हुनेछ"*** भनी उल्लेख भएको अवस्था छ। यस अवस्थामा सर्वसाधारणले निवेदकबाट संचालित ट्याक्सीको प्रयोग नगरी सर्वसाधारणहरुले विपक्षी नं. ३ र ४ बाट सञ्चालित टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applicatios) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट यातायातको सेवा लिन्छु भनी निज सर्वसाधारणहरुले छनौट गरी यातायातको सेवा लिन पाउने भनी संविधान तथा कानूनले अधिकार प्रदान गरेको अवस्थामा सर्वसाधारणले नै आफूलाई प्रदान गरिएको कानूनी प्रदत्त हक अधिकार उपभोग गरिरहेको देखिन्छ। डम्बर भन्ने डुमरे बि.क. समेत **विरुद्ध** नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय भएको **परमादेश**को निवेदनमा, ***"संविधानका प्रतिबद्धताहरू र प्रत्याभूत गरिएका हकहरू महत्त्वपूर्ण छन्। त्यसैले यी हकहरू हरेक व्यक्ति वर्ग र समुदायले कसरी उपभोग गर्न पाउँछ, यो स्वाभाविकरूपमा न्यायिक चासोको विषय बन्ने। संविधान मूलतः अधिकारहरूको दस्तावेज हो। हकहरूको घोषणा मात्र होइन उपभोगसमेतको सुनिश्चितता गर्नु संविधानको साध्य हो । यो साध्यको प्राप्तितर्फ सबैको प्रयास रहनु पर्छ। हकहरूको सहजरूपमा प्रचलन हुँदा मात्रै जनताले न्यायको अनुभूति गर्न सक्छन् । संविधानप्रदत्त हकहरूको प्रचलनमार्फत जनतालाई न्यायको अनुभूति गराउनु नै अदालतको प्रमुख कर्तव्य हो । अदालतको फैसलामार्फत स्थापित अधिकारहरूको कार्यान्वयन हुँदा नै समाजमा न्याय सुनिश्चित हुने । संविधानले परिकल्पना गरेअनुरूप सामाजिक न्याय स्थापित गर्नेतर्फ अदालतका ध्यान केन्द्रित रहनुपर्छ । त्यसको लागि यसरी हेपिएका जनताहरूको हक मुखरित गर्ने र दबिएका आवाजहरूलाई वाणी प्रदान गर्ने कार्य गर्नुपर्ने"*** (ने.का.प. २०७५, नि.नं. ९९९१, अंक ४) मा श्री सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भईसकेको अवस्था छ। विपक्षी नं. ३ र ४ द्वारा सञ्चालित टुटल र पठाओ जस्ता राईड सेयरिङ्गको कार्य गर्न विद्युतीय एप्स (Mobile

Applications) मा आवद्ध भएका निजी सवारी साधन चालकहरुले यात्रु ओसारपसार गरी दैनिक रुपमा आयआर्जन गरेबाट निजहरुको रोजगारीको हक तथा श्रमको हक सुनिश्चित गरेको र सर्वसाधारणहरुले पनि विपक्षीको उक्त कार्यबाट दिनहुँ यातायातको सुविधा लिईहेको हुँदा निजहरुको उपभोक्ताको हक पनि सुनिश्चित गरिरहेको अवस्थामा निवेदकको माग बमोजिम विपक्षी नं. ३ र ४ बाट सञ्चालित राईड सेयरिङ्गको कार्यलाई निषेध गर्नु कानून सम्मत देखिदैन। ***प्रतिस्पर्धा प्रर्वद्धन तथा बजार संरक्षण ऐन, २०६३*** को **प्रस्तावना**मा वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा कायम गरी राष्ट्रिय अर्थतन्त्रलाई अझ बढी खुला, उदार, बजारमुखी बनाउन... भनी उल्लेख भएको अवस्था छ भने **ऐ. ऐनको दफा १८** मा स्वच्छ प्रतिस्पर्धा विपरीतको कार्यलाई सजाय हुने कुरा उल्लेख गरेको छ र **ऐ. ऐनको दफा ७** मा एकलौटी कारोबार (Exclusive Dealing ) गर्न निषेध गरेको छ। हरेक व्यक्तिले व्यवसाय गरी आय आर्जन गर्न पाउने अधिकार रहेको हुन्छ। यस अवस्थामा साना उद्योगमा दर्ता भएको यातायातबाट यात्रु ओसारपसाको सेवा प्रवाह गर्ने क्षेत्रमा विपक्षी नं. ३ र ४ ले वैधानिक रुपमा आवद्ध भई निजी सवारी साधनहरुबाट यातायातको सेवा प्रदान गरिरहेकोमा निज विपक्षीहरुको उक्त व्यवसाय बन्द गर्ने निवेदकको मागले यात्रु ओसारपसार गर्नका लागि प्रयोग गरिने यातायातको बजारमा निवेदकको ट्याक्सी व्यवसायको एकलौटी अधिकारको प्रभुत्व हुन सक्ने देखिन आयो।

२३. भुमण्डलिकरणको वर्तमान युगमा इन्टरनेटले दुनियाँमा छरिएर रहेका मानिसहरुलाई जोडिसकेको अवस्थामा विपक्षी नं. ३ र ४ बाट सञ्चालित विद्युतीय एप्स (Mobile Applications) मार्फत राईड सेयरिङ्गको कार्य गरी सर्वसाधारणहरुलाई यातायातको सेवा प्रदान गर्ने निज विपक्षीहरुको उक्त कार्य भुमण्डलिकरणको एउटा गतिलो उदाहरण हो भनी मात्र मिल्ने देखिन्छ। मिसिल संलग्न विपक्षी नं. ३ र ४ को लिखित जवाफको व्यहोराबाट विपक्षी कम्पनीद्वारा संचालित टुटल र पठाओ मोबाइल एप्ससँग सवारी साधन चालकहरु आफ्नो स्वईच्छाले जोडिई निज चालकहरुले उक्त मोबाइल एप्सको GPS Tracking Feature बाट यात्रु रहेको थाहा पाउने र उक्त मोबाइल एप्सबाट सेवा लिन चाहने यात्रुले पनि आफू भएको ठाउँबाट लगईन गरी निजले निजी सवारी साधनमा यात्रा गर्न भुक्तानी गर्नुपर्ने रकमको बारेमा थाहा पाई टुटल र पठाओ एपबाट संचालित राईड सेयरिङ्गको सेवा लिन सक्ने देखिन्छ। विपक्षी नं. ३ र ४ बाट सञ्चालित राईड सेयरिङ्ग गर्ने कार्यसँग मेल खाने गरी विश्वव्यापी रुपमा नै राईडिङ्ग सेयरिङ्गको कार्यले यात्रुहरुलाई यातायात सेवा सञ्चालन गरेको तथ्य उबर (Uber, American Based Ride Share Company), लिफ्त (Lyft, San Fransisco, California Based Ride Share Company), ग्र्याब (Grab, Malaysian Based Ride Share Company), ईजि ट्याक्सी (Easy Taxi, Main branch in Brazil and also available in Bolivia, Argentina, Chile and Colombia),हिच् ए राईड (Hitch-A-Ride, Australian based ride share Company), कारमा (Carma, Cork, Ireland Based Ride Share Company), ब्लाब्ला कार (BlaBla Car, Ride Share Company in Paris France) जस्ता उदाहरणबाट अन्तराष्ट्रिय रुपमा नै राईड सेयरिङ्गलाई सर्वसाधारणहरुले प्रयोग गर्दै आएको देखिन्छ। हाम्रो मुलुकको सन्दर्भमा **नेपालको संविधान, २०७२ को दफा ५१(च) विकास सम्बन्धी नीति** मा,"***वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने***" भनी उल्लेख

गरेबाट विपक्षी नं. ३ र ४ ले अन्तराष्ट्रिय स्तरमै प्रचलनमा रहेको राईड सेयरिङ्गको कार्यलाई प्रोत्साहन गर्ने विद्युतीय एप्स (Mobile Applications) जस्तो नयाँ प्रविधीलाई वैधानिक रुपमा नै उक्त प्रविधीलाई नेपालमा भित्र्याइएको निज विपक्षीहरुको उक्त कार्यलाई निरुत्साहित नगरी उक्त कार्यको विकासमा लगानी अभिवृद्धि गर्नुपर्छ भनी जोड दिनुपर्ने अवस्था देखिन्छ। वस्तुत: विकासको अधिकारलाई तेस्रो पुस्ताको अधिकार (Third Generation Rights) भनिन्छ। बहुसंख्यक जनताको हितका लागि पनि विपक्षीको उक्त कार्यलाई अवरुद्ध हुने किसिमले निवेदकको माग बमोजिम निषेधाज्ञाको आदेश जारी गर्न "Third Generation Rights" को अवधारणाले पनि अनुमति दिँदैन।

२४. नेपाल मिश्रीत अर्थप्रणाली (Mixed Economy) अपनाएको देश हो। वर्तमान परिप्रेक्ष्यमा नेपालले अर्थिक उदारीकरणको सिद्धान्तलाई अपनाई **निजीकरण ऐन, २०५०** हाल प्रचलनमा रहेको अवस्था छ। ऐ. ऐनले व्यवसायहरुको दक्षतामा वृद्धी गरी उत्पादकत्व बढाउने कार्यमा मुख्यत: जोड दिएको देखिन्छ। कुनै पनि राज्यले आर्थिक समृद्धि हासिल गर्न उद्यमशीलतालाई प्रोत्साहन गर्न निकै जरुरी हुन्छ। प्रत्येक राज्यलाई आफ्नो राष्ट्रभित्र भएको उद्यमशीलतालाई प्रोत्साहन गर्नु पर्ने दायित्व समेत रहन्छ। उद्यमशीलताको प्रोत्साहनबाट देश भित्र पुँजीको निर्माण एवम् रोजगारको अवसर सिर्जना हुन्छ। उल्लिखित नीतिलाई नै समर्थन गर्दै उद्यमशीलतालाई विश्वव्यापिकरणबाट लाभ लिन नेपालमा उद्यमशिलताको बिकास, विश्वस्तरिय शिक्षा र चेतनाको अभिवृद्धि, आधुनिक शिप तथा तालिमको अभिवृद्धि, व्यापार व्यवसाय प्रवर्द्धनमा सरकारी प्राथमिकता र लगानी र प्रविधीको प्रयोग कुरामा सुधार गर्नु जरुरी छ भनी मिति २०७६/०५/२२मा(https://www.karobardaily.com/news/idea/२३९७३) प्रकाशित भएको देखिन्छ। **नेपालको संविधानको दफा ५१(घ)** मा उद्यमशीलतालाई प्रोत्साहन गर्ने गरी राज्यको नीति उल्लेख गरेको छ। राज्यको नीति भनेको राज्य संचालनको मार्गनिर्देशनका रुपमा प्रयोग गर्ने गरिन्छ र उक्त नीति बाध्यकारी हुँदैन। यद्यपी उक्त नीतिको भावनालाई समेट्ने गरी कानून बनाउन सकिन्छ। विपक्षी कम्पनीद्वारा सञ्चालित टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications)को माध्यमबाट सञ्चालित व्यवसाय समेत नेपालमा नवीन प्रकृतिको उद्यमशीलताको नमुना हो। यस्तो नवीन प्रकृतिको व्यवसायलाई प्रोत्साहन गर्नु राज्यको दायित्व रहेको हुन्छ। अङग्रेज दार्शनिक, न्यायशास्त्री जेरेमी बेन्थम (Jeremy Bentham) ले प्रतिपादन गरेको **Hedonistic Utilitarianism** का अनुसार ***"the righteness of an action depends entirely on the amount of pleasure it tends to produce and the amount of pain it tends to prevent"*** भनी उल्लेख भएको छ भने ब्रिटिश दार्शनिक **Gertrude Elizabeth Margaret Anscombe** ले प्रतिपादन गरेको **Consequentialism theory** का अनुसार ***"Consequentialism is a theory that suggests an action is good or bad depending on its outcome"*** उल्लेख छ। प्रस्तुत निवेदनको विवादीत विषयलाई हेर्ने हो भने विपक्षी नं. ३ र ४ को टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Application) मा सर्वसाधारणहरु आफ्नो स्वईच्छाले लग ईन गरी निजहरुलाई अनुकूल लागेको मूल्यमा कम समयमा निज सर्वसाधारणहरु गन्तव्य स्थलमा पुग्नलाई विपक्षी नं. ३ र ४ को विद्युतिय एप्स प्रयोग गरी दिनहुँ हजारौ मानिसहरु रातो नम्बर प्लेट भएको सवारी साधनहरुबाट यातायात सुविधाको लाभ पाइरहेको अवस्थामा विपक्षीको उक्त कार्यलाई उल्लिखित सिद्धान्तको रोहमा सह्रानीय नै देखिन आयो। यसरी, प्रस्तुत निवेदनको विवादीत विषयमा निवेदकले आफ्नो

निर्विवाद हक रहे भएको स्पष्ट सँग देखाउन नसकेको, निवेदकले आफ्नो संविधान प्रदत्त हक अधिकार उपभोग गरिराखेकै देखिएको, विपक्षी नं. ३ र ४ आफू नेपालको प्रचलित कानून व्यवस्था अनुसार नै कम्पनी दर्ता भई विगत ३ वर्ष भन्दा अगाडि देखि नै निज विपक्षीहरुले आफ्नो उद्देश्य अनुरुप विद्युतीय एप्स (Mobile Applications) सञ्चालन गरिसकेको र निज विपक्षीहरुको उक्त कार्य वैज्ञानिक र आधुनिक प्राविधीमा आधारित रही वर्तमान समय सापेक्ष रहेको अवस्थामा विपक्षी नं. ३ र ४ ले सर्वसाधारण जनतालाई सर्वशुलभ ढंगले प्रदान गरी रहेको सार्वजनिक यातायात सेवालाई बन्द गर्नु गराउनु सार्वजनिक हितको दृष्टिकोणले न्यायोचित नहुने हुँदा निवेदकको माग बमोजिम विपक्षीहरुको नाममा निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन।

२५. अब विपक्षीहरु उपर परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने निवेदकको निवेदनका सम्बन्धमा विचार गर्दा, परमादेश (Mandamus) भन्नाले कुनै सार्वजनिक निकाय वा अधिकारीले आफ्नो कानूनी कर्तव्य (Legal Duty) निर्वाह गर्न इन्कार वा अनिच्छा वा अनुचित विलम्ब गरेमा सो कानूनी कर्तव्य निर्वाह गराउनको लागि जारी गरिने आदेश हो।सिद्धान्तः देहायका आधारहरुमध्ये सबै वा कुनै एक आधार विद्यमान रहेको अवस्थामा परमादेशको आदेश जारी हुन्छ :

- प्राकृतिक न्यायको सिद्धान्तको उलङ्घन (Breach of Principles of natural justice)
- अधिकारक्षेत्र नाघेको (Excess of Powers)
- कानूनको त्रुटि (Apparent error of Law's)
- कार्यविधिको त्रुटि (Error of Procedure)
- पदीय दायित्व पूरा नगरेको (Failure to perform duty)
- बदनियत राखेको (Bad faith/ Malafied intention)
- अधिकारको दुरुपयोग गरेको (Abuse of Power)

प्रस्तुत निवेदनमा विपक्षी नं. ३ र ४ बाट सञ्चालित टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट यातायात सेवा सञ्चालन गरेको कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८(२) विपरीत भएकोमा विवाद छैन।विपक्षीको उक्त कार्यलाई रोक्न विपक्षी नं.१ (यातायात व्यवस्था विभाग) बाट मिति २०७६/०८/०३ मा सूचना प्रकाशित गरेको अवस्था छ भने विपक्षीहरुको उक्त कार्यलाई नियमन गर्न समय समयमा यातायात सेवा सँग सम्बन्धित ट्राफिक तथा साधिकार निकायहरुलाई निर्देशन सहित पत्राचार गर्दै आएको भन्ने विपक्षी नं. १ को लिखित जवाफबाट देखिन्छ।यस अवस्थामा निज विपक्षीहरुले उक्त कार्य रोक्न कुनै कदम नचालेको भन्नु न्यायसंगत देखिदैन।यद्यपी, विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मार्फत सञ्चालन गरिएको राईड सेयरीङ्गको कार्य नियमन गर्नुपर्ने आवश्यक देखिन्छ।यातायात सँग सम्बन्धीत कार्यहरु नियमन गर्ने जिम्मेवारी विपक्षी नं. १ र २ मा रहेको अवस्थामा आफ्नो जिम्मेवारीप्रति उदासीन रही आफैले नियमन गर्नुपर्ने पदीय

दायित्वसमेत भएको अवस्थामा विपक्षी नं. ३ र ४ को राईड सेयरीङ्गको कार्यलाई सम्बोधन गर्नु विपक्षी नं. १ र २ निकायको कर्तव्य देखिन आउँछ।

२६. यातायात क्षेत्र सर्वसाधारणहरुको आवतजावत गर्नका लागि दिनहुँ निजहरुसँग जोडिने क्षेत्र हो। सर्वसाधारणहरुले उपभोग गर्दै आउने यातायातको विषय र निजहरुको सुरक्षाको विषय एकअर्कामा अन्तरनिहीत हुन्छन्। यसै प्रकृतिको, ज्योति बानियाँ **विरुद्ध** नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय भएको **परमादेश** मुद्दामा , "***संविधानद्वारा प्रत्याभूत पेसा, व्यवसाय र रोजगारको हकअन्तर्गत स्वस्थ व्यापार व्यवसायको हक पनि पर्छ । सम्मानपूर्ण जीवनको हकभित्र व्यवस्थित यातायातको हक पनि पर्ने । संविधान एवं कानूनी व्यवस्था र ती व्यवस्थाअनुरूप अदालतबाट भएका फैसला विरूद्धको आचरण र व्यवहार लोकतन्त्र तथा विधिको शासनको समेत विरूद्ध हुने । यातायात सेवा पनि उपभोक्ताले प्राप्त गर्ने एउटा सेवा हो । तसर्थ, यो सेवा पनि हरेक दृष्टिबाट गुणस्तरीय हुनु आवश्यक छ । सेवा गुणस्तरीय नभएमा सोको विरूद्ध उपचार खोज्ने र क्षतिपूर्तिसमेत पाउने हक हरेक उपभोक्तालाई रहने"*** (ने.का.प. २०७४, नि. नं. ९९२०, अंक १२) मा श्री सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन गरेको अवस्था छ। उल्लिखित सिद्धान्तलाई प्रस्तुत निवेदनको रोहमा हेर्दा, विपक्षी नं. ३ र ४ बाट सञ्चालित विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट प्रदान गरेको यातायातको सेवा उपभोक्ताले प्राप्त गर्ने सेवा हो। उक्त सेवा नेपाल भित्र रहेका सबै सर्वसाधारणहरुको सरोकारको विषय रहेको देखिन्छ। विपक्षीको उक्त कार्यलाई गुणस्तरीय बनाउन र यात्रुहरुको सुरक्षालाई पनि प्रतिबद्ध गर्ने गरी यात्रुहरुको बिमा, यात्रुहरुमाथि हुन सक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने, टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) बाट सञ्चालित निजी सवारी साधनबाट यातायात सेवा प्रवाह गर्ने क्षेत्रलाई विस्तार गर्ने, यातायात सेवामा आवद्ध भएका यात्रु बोक्ने सवारी साधनहरुको मापदण्ड भित्र पर्ने निजी सवारी साधनलाई मात्र विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मा यात्रु ओसारपसारका लागि आवद्ध हुन अनुमति दिने, विपक्षी नं. ३ र ४ का विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भएका सवारी साधनहरुको पहिचान गर्न र उक्त सवारी साधन चालकको पहिचान गर्न अनिवार्य रुपमा सवारी चालक अनुमति पत्र हुनुपर्ने, तथा विपक्षी नं. ३ र ४ मा आवद्ध भएका निजी सवारी साधनहरु र सवारी चालकको पूर्ण विवरण सर्वसाधारणहरुका लागि विपक्षी नं. ३ र ४ को वेवसाइटमा तथा राष्ट्रिय दैनिक पत्रिकामा अद्यावधिक गर्दै प्रकाशित गर्नुपर्ने जस्ता यावत् कुराहरुमा ध्यान दिनुपर्ने देखिन्छ।

२७. जहाँसम्म समाजलाई सुव्यवस्थित गर्न, समाजमा बस्ने मानिसहरुको गतिविधिलाई नियमन गर्न र मानिसहरुको वैधानिक आवश्यकतालाई पूर्ति गर्न कानूनको आवश्यकता हुन्छ। कानून समय सापेक्ष परिवर्तनशील प्रकृतिको हुन्छ र समय सुहाउँदो रुपमा वर्तमान परिप्रेक्ष्यलाई सम्बोधन गर्ने गरी कानून बनाउनु राज्यको दायित्व हुन जान्छ। हरेक दिन नयाँ प्रविधि, नयाँ सीप, नयाँ ज्ञान, नयाँ आविष्कार भईरहेका हुन्छन् र उक्त परिवर्तनहरु देश विकासका मेरुदण्ड पनि मानिन्छन्। विपक्षी नं. ३ र ४ को विद्युतिय एप्स (Mobile Applications) द्वारा संचालित राईड सेयरिङ्गको अवधारणा पनि नयाँ प्रविधीमा आधारित छ। यस्तो नयाँ प्रविधीमा आधारित राईड सेयरिङ्गको अवधारणालाई सवारी तथा

यातायात व्यवस्था ऐन, २०४९ ले समेट्न नसक्नु स्वभाविक नै देखिन्छ। यद्यपी, विपक्षी नं. ३ र ४ को उक्त कार्यलाई नियमित गर्न मिति २०७५/०८/१८ बाट लागू भएको **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५** को दफा **१३(४)** मा, ***"... निजी प्रयोजनका लागि दर्ता प्रमाणपत्र प्राप्त चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारीले तोकिएको प्रक्रिया पुरा गरी आफ्नो मार्गमा तोकिएको भाडालिई यात्री बिमा गरी यात्री ओसारपसार गर्न सक्नेछ"*** भनी उल्लेख भएबाट विपक्षीद्वारा संचालित राईड सेयरिङ्गको अवधारणालाई निरन्तरता दिएको अवस्था देखियो। विपक्षी नं. ३ र ४ को टुटल र पठाओ नामका विद्युतीय एप्स (Mobile Applications) द्वारा संचालित राईड सेयरिङ्गको विषय नेपाल भित्र रहेका सबै सर्वसाधारणहरुको सरोकारको विषय रहेको देखिएबाट विपक्षीको उक्त कार्यलाई नियमित गर्न संघीय स्तरबाट नै कानून बनाउन आवश्यक देखिन्छ। तसर्थ, वर्तमान युगमा विपक्षी नं. ३ र ४ को विद्युतीय एप्स (Mobile Applications) मा आवद्ध भई राईड सेयरिङ्ग जस्तो विकासोन्मुख नविन प्रविधिमा आधारित भएर रातो नम्बर प्लेट भएको निजी सवारी साधनहरुबाट यात्रु ओसारपसार गरी बहुसंख्यक जनताहरुलाई दैनिक रुपमा नै यातायातको सेवा प्रवाह गरिराखेको निज विपक्षीहरुको उक्त कार्य जनसरोकारको विषय समेत भएको देखिदा विपक्षी नं. ३ र ४ को उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ र १२ अनुकूल नभएको र निज विपक्षीको उक्त कार्यलाई नियमित गर्न उल्लिखित सर्वसाधारणहरुको सुरक्षा सम्बन्धी विषयलाई पनि समावेश गर्दै प्रस्तुत निवेदनको विषयलाई नियमन गर्नुपर्ने देखिदा जो चाहिने नीति, कानून तथा नियम निर्माण गर्न सम्बन्धित निकाय सँग समन्वय गरी आवश्यक पहल कदमी गर्नु भनी विपक्षी नं. १ र २ का नाममा परमादेशको आदेश जारी गर्नुपर्ने देखिन आयो।

२८. अतः माथि विवेचित आधार, कारण र प्रमाणहरुबाट निवेदकले सार्वजनिक यातायात सेवाका लागि कालो प्लेट नम्बर भएको ट्याक्सी चलाई व्यवसाय सञ्चालन गरी आएकोमा विपक्षी हाइपरलुप नेपाल प्राइभेट लिमिटेड (टुटल) र पठाओ नेपाल प्राइभेट लिमिटेड नामक कम्पनी संस्थाले विद्युतिय एप्सहरु प्रयोग गरी रातो नम्बरका नीजि सवारी साधन भाडामा लिई सार्वजनिक यातायात जस्तै किसिमले यात्रुबाहक सेवा सञ्चालन गरिरहेको भनी निवेदनमा उल्लेख गरेको देखिँदा भैसकेको कार्यका विषयमा निवेदन माग बमोजिम विपक्षीहरु उपर निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। जहाँसम्म विपक्षीहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ८ र १२ मा उल्लेख भएको कानूनी व्यवस्था विपरीत र निवेदकलाई संविधानले प्रदत्त गरेको संवैधानिक हक अधिकारमा समेत असर पर्न सक्ने देखिएकोले विपक्षीहरुका नाममा परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने निवेदन जिकिर छ सो तर्फ विचार गर्दा, प्रस्तुत विषय आम जनसरोकारको विषय भएको यो विषय समयमा नै सुव्यवस्थित भई निराकरण समेत हुनुपर्ने देखिएको परिप्रेक्ष्यमा यथोचित ढङ्गले यथासमयमा यस विषयमा कानून निर्माण लगायतका आवश्यक नीति, नियम तर्जुमा गर्न गराउन पहल गर्नु भनी विपक्षीहरु मध्येका नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग, मिनभवन र महानगरीय ट्राफिक प्रहरी महाशाखा वग्गीखाना, रामशाहपथका नाममा परमादेशको आदेश सम्म जारी हुने ठहर्छ।

**तपसिल खण्ड:**

प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई दिनू..............................................................१

प्रस्तुत आदेश विद्युतिय प्रणालीमा प्रविष्ट गरी नियमानुसार गरी यसै अदालतको अभिलेख शाखामा बुझाइदिनू......................................................................................................२

श्रीमण कुमार गौतम
न्यायाधीश

उक्त आदेशमा सहमत छु,

मिना गौतम सेडाई
न्यायाधीश

इजलास अधिकृत : प्रेक्षा चौधरी
फैसला मिति : २०७६/१०/२९/४

फैसला प्रमाणीकरण मिति :२०७६/१२/०२

अदालतको छाप